कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
'प्रगतिको आधार, कामना सेवासंग कारोबार'

# लकर सञ्चालनको लागि आवेदन फारम

लकर सञ्चालन गर्ने    एक्लै ☐    कुनै दुई ☐    संयुक्त ☐

| | |
|---|---|
| क्रमांक | |
| दर्ता मिति | |
| लकर नं. | |
| चावि नं. | |
| लकरको साइज | |
| लकरवालाको नाम | |

महाशय,

म/हामी यो निवेदन गर्दछु/गर्दछौं कि म/हामीलाई वार्षिक शुल्क रु ……………… (रूपैया ……………………………………… मात्र) र चाबी वापतको अग्रिम धरौटी रकम रू. ………… (रूपैयाँ …………………………………………… मात्र) मा माथि उल्लेख भए बमोजिमको लकर आजका मितिदेखि एक वर्षको लागि दिलाई पाऊँ भनी म/हामी तहाँको धरौटी वापतको आवश्यक रकम धरौटी खातामा जम्मा गर्न मञ्जुर गर्दछु/गर्दछौं र म/हाम्रो त्यस बैंकमा रहेको खाता नं. …………………… बाट लकर शुल्क वापत बैंकलाई बुझाउनु पर्ने दस्तुरहरू डेविट (Debit) गर्न यसै आवेदन पत्र मार्फत् अख्तियारी प्रत्यायोजन गर्दछु/गर्दछौं। म/हामी यो आवेदन पछाडि लेखिएका लकर सञ्चालन सम्बन्धमा पालन गर्नुपर्ने बैंकका नियम तथा शर्तहरू पूर्णरूपमा पालना गर्दछु/गर्दछौं भनी यसै आवेदन फारमको अन्तमा सही छाप गरी निवेदन पेश गर्दछु/गर्दछौं।

भवदीय,

…………………………

## लकर सञ्चालक/हरूको विवरण

नाम : ……………………………………………………………
ठेगाना : ………………………………………………………
दस्तखत : ……………………………………………………

नाम : ……………………………………………………………
ठेगाना : ………………………………………………………
दस्तखत : ……………………………………………………

नाम : ……………………………………………………………
ठेगाना : ………………………………………………………
दस्तखत : ……………………………………………………

# लकर सुविधा उपभोगसम्बन्धी शर्त तथा नियमहरू

१. लकर सुविधा प्राप्त गर्न आवेदकले स्वीकृति पाएमा बैंकले लकर सञ्चालन गर्ने इजाजत प्रदान गर्नेछ, जसमा बैंक र आवेदक विचको सम्बन्ध इजाजत प्रदान कर्ता र इजाजत प्राप्त कर्ताको रूपमा रहनेछ।

२. लकर कोठा सञ्चालन गर्ने समय बैंकको दिवा बैंकिङ्ग समयसम्म मात्र हुनेछ। सार्वजनिक विदाको दिन लकर सञ्चालन कार्य हुने छैन।

३. लकरको स्वामित्व बैंकसँग रहनेछ र इजाजत प्राप्तकर्ताले शर्त तथा नियमहरू पालना गरेमा मात्र सुविधा प्रयोग गर्न पाउने छ। इजाजत प्राप्तकर्ता माथि कुनै भवितव्य वा निज/हरूको मृत्यु आदि भएमा लकर सञ्चालन गर्न प्राप्त इजाजत स्वत: समाप्त हुने र सो पश्चात् सो अधिकार कसैमा नामसारी वा हस्तान्तरण हुने छैन।

४. इजाजत प्राप्त कर्ताको लकर कोठाभित्र राखिने जस्तोसुकै वस्तु कुनै पनि प्रकारको आगजनी, तोडफोड, डकैती वा दुर्घटना भई हराएमा, चोरी भएमा वा कुनै प्रकारको क्षति पुगेमा त्यसप्रति बैंक कुनै जवाफदेही हुने छैन।

५. लकर सुविधा इजाजत प्राप्त कर्ताले लकर कोठामा कानुनत: वैधानिक वस्तुहरू मात्र राख्नको लागि प्रयोग गर्न सक्नुहुनेछ, कुनै पनि प्रकारको गैह्र कानुनी वस्तुहरू लकर कोठामा राख्न पाइने छैन।

६. लकर कोठामा राखिएको वस्तुहरु वा सम्पत्तिबाट इजाजत प्राप्त कर्ताले तिर्नुपर्ने कुनै प्रकारको रकम वा दस्तुर बाँकी असुल उपर गर्न बैंकले इजाजत प्राप्त कर्ताको हिसाब खाताबाट सो बराबर रकम डेबिट (Debit) गर्न सक्नेछ।

७. लकर कोठा सुविधाको वार्षिक शुल्क बैंकले समय समयमा तोके बमोजिम हुनेछ र सो सम्बन्धमा इजाजत प्राप्त कर्तालाई सूचित गरिनेछ। लकर शुल्क अग्रिम रुपमा भुक्तान गर्नुपर्नेछ। इजाजत प्राप्त समयावधि अगावै इजाजत प्राप्त कर्ताले लकर सुविधा नचाहिने लिखित जानकारी दिएर लकर सुविधा लिन नचाहेमा बाँकी समयावधिको वार्षिक शुल्क फिर्ता हुने छैन तर लकर कोठाको चावी बैंकलाई बुझाई सकेको अवस्थामा धरौटी वापतको रकम भने फिर्ता गरिने छैन।

८. बैंकलाई तिर्नुपर्ने लकर सुविधा सम्बन्धी रकम पूरा नतिरेमा बैंकसँग निम्न बमोजिमका कार्यहरु गर्ने अधिकार रहनेछ।

- इजाजत प्राप्त कर्तालाई लकर कोठासम्म जान तथा लकर प्रयोग गर्न वञ्चित गर्न सकिनेछ जसमा इजाजत प्राप्त कर्तालाई लकर कोठासम्म जान कुनै वस्तु राख्न र निकाल्न राके लगाउन सकिनेछ।
- लकर कोठामा रहेका सामान बिक्री वितरण गरेर भए पनि बैंकले आफ्नो बाँकी बक्यौता रकम, दस्तुर समेत असुल उपर गर्न सक्नेछ।
- कुनै भवितव्य, सम्भाव्य घटना वा बैंकको आन्तरिक कारणबाट लकर कोठा स्थानान्तर गर्न वा फोर्न समेत परेमा इजाजत प्राप्त कर्तालाई यथाशक्य जानकारी दिइनेछ। जानकारी प्राप्त गरेपछि समेत इजाजत प्राप्तकर्ता सम्पर्कमा नआएमा आवश्यकता अनुसार लकर कोठा फोरेर वा अन्य कुनै तरिकाले लकर कोठा भित्र रहेका सामानहरू इजाजत प्राप्तकर्तालाई उसको पत्राचार ठेगानामा कुनै माध्यमबाट लाग्ने दस्तुर लिई पठाउने व्यवस्था गरिने र सो सम्भव नभएमा अन्य उपयुक्त स्थानमा आवश्यक शुल्क लगाई राख्ने व्यवस्था गरिनेछ।

९. इजाजत प्राप्त कर्ताले लकरको चावी हराएमा यथासक्य छिटो बैंकमा लिखित जानकारी दिनुपर्नेछ, अन्यथा यसबाट इजाजत प्राप्तकर्तालाई पुग्ने क्षति प्रति बैंक जवाफदेही रहने छैन।

१०. इजाजत प्राप्त कर्ताको आफ्नो पत्राचार ठेगाना परिवर्तन भएमा यसको जानकारी यथासम्भव बैंकमा दिनुपर्ने हुन्छ। इजाजत प्राप्त कर्ताको पुरानै वा नयाँ पत्राचार ठेगानाबाट समेत कुनै माध्यमबाट पठाएको पत्र बैंकले प्राप्त गरेको प्रमाणको आधारमा यसको कार्यान्वयन हुनेछ।

११. बैंकले आफूलाई उचित लागेमा वा अन्य कारणबाट कुनै पनि समयमा लकर सुविधा बन्द भए पश्चात बाँकी समयको वार्षिक शुल्क भने समयावधिको आधार मा फिर्ता गरिनेछ।

१२. इजाजत प्राप्त कर्ताले कुनै पनि अवस्थामा लकर सुविधाको सुरक्षामा ख्याल गर्नुपर्नेछ। आधिकारिक व्यक्ति बाहेक अन्य कसैलाई लकरको चावी दिनु हुँदैन।

१३. इजाजत करारनामा इजाजत प्राप्तकर्ता र इजाजत प्रदान कर्ताको बीचमा भएको र कुनै कारणवश एक पक्षले बीचमा नै भंग गर्न चाहेमा कम्तीमा सात दिनको पूर्व सूचना दिएर मात्र भंग गर्न सकिनेछ, तर बैंकको पक्षबाट करार भंग गर्नुपर्ने अवस्था आएमा भने बुँदा नं. ११ लागू हुनेछ।

१४. इजाजत प्राप्तकर्ताले करार भंग गर्न चाहेमा तोकिएको समयावधिभित्र लकरको चावी बैंकको आधिकारिक व्यक्तिलाई बुझाउनु पर्नेछ। यदि करार अवधि भित्र करार भंग गरेको जानकारी नआएमा अर्को एक वर्षको लागि लकर सञ्चालन सम्बन्धी करार स्वत: नवीकरण भएको मानिनेछ र सो वापतको सो शुल्क इजाजत प्राप्तकर्ताको खाताबाट बैंकले कट्टी गरी लिनेछ तर बैंकलाई उचित नलागेमा लकर नवीकरण नगर्न पनि सक्नेछ।

म/हामी इजाजत प्राप्तकर्ता/हरूले इजाजत प्रदान कर्ता बैंकका नियम तथा शर्तहरू राम्रोसँग पढी बुझी पालना गर्न मञ्जुर छु/छौं।

नाम :..........................................................................

ठेगाना :........................................................................

दस्तखत :......................................................................

नाम :..........................................................................

ठेगाना :........................................................................

दस्तखत : ....................................................................

नाम :..........................................................................

ठेगाना :........................................................................

दस्तखत :......................................................................